संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ) र मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) को संयुक्त वक्तव्य

## *"बालबालिकालाई हानीबाट मुक्त राखौं"*

*काठमाडौं, १० फागुन :* संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ) र मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) देशमा, विशेष गरि तराइमा, निरन्तर जारी हिंसात्मक प्रदर्शनहरुका कारण बालबालिका माथि हुन सक्ने हानीको बढ्दो जोखिमप्रति ज्यादै चिन्तित छन् ।

हिंसात्मक पनि बन्न सक्ने खालका विरोध प्रदर्शन र बन्दहरूमा बालबालिकाको सहभागिता रहेको जानकारीहरू प्राप्त भई रहेका छन् । उदाहरणकालागि, २० र २१ माघमा नेपालगंजमा गरिएको बन्दको समर्थनमा सात देखि पन्ध्र वर्षका धेरै बालबालिका जुटेका थिए, जसमध्ये केहीले लट्ठी र ढुङ्गा पनि बोकेका थिए । सुन्सरीको दुहबीमा लट्ठी बोकेर बाटो अवरुद्द गर्न बसेका आठ देखि बाह्र वर्ष सम्मका दश बालबालिका देखिएका थिए । त्यसै गरि २२ माघमा दार्चुलामा नेपाली कांग्रेसका सदस्यहरुलाई हमला गर्ने जमातमा कम्तिमा एक सय बालबालिका र स्कुलको पोशाकनै लगाएका विद्यार्थीहरु थिए । तराई बन्दमा पनि धेरै ठाँउमा बालबालिकाको सहभागिता देखिएको छ । जस्तै ५ फागुनमा नेपालगंजमा भएको हिंसात्मक बिरोध कार्यक्रममा पनि थुप्रै बालबालिकाको उपस्थिति थियो । त्यो बिरोध कार्यक्रममा गोली लागेर एक जनाको ज्यान गएको थियो भने, एक १४-वर्षीय बालक लगायत अरु घेरै जना गोली लागि घाइते भएका थिए ।

युनिसेफ र ओएचसीएचआर सबै पक्षलाई नेपालले पनि हस्ताार गरेको बालअधिकारसम्बन्धी महासन्धीको भावनालाई आदर गर्न र १८ वर्ष मुनिका सबै बालबालिकालाई हानी बाट जोगाउन आग्रह गर्दछ । १८ वर्ष मुनिका कसैलाई पनि जबरजस्ति, फकाइफुलाई, वा प्रलोभन दिई राजनीतिक गतिविधिहरूमा सहभागी गराउन हुँदैन । उनीहरुको सहभागीता स्वेच्छाले र आफ्नो सहभागीताको परिणामको पनि ज्ञान भएको खण्डमा मात्र हुनसक्दछ । बालबालिकालाई कनै हालतमा पनि हातहतियार थमाइनु हुन्न ।

निकट भविष्यमा नै हुन लागेको संविधानसभाको निर्वाचन तर्फ देश अघि बढी रहेका बेला युनिसेफ र ओएचसीएचआर सबै सम्बन्धित पक्षहरूलाई निर्वाचन सम्बन्धी आचार संहिता २००७ को खण्ड २३ प्रति ध्यानाकर्षण गराउन चाहान्छ । उक्त धाराले स्पष्ट रुपमा कुनै पनि प्रकारका ऱ्याली, आमसभा अथवा जुलुस र निर्वाचनसँग सम्बन्धित कुनै पनि सार्वजनिक कार्यक्रममा बालबालिका सहभागी गराइनु हुँदैन भन्ने कुरालाई उल्लेख गरेको छ ।

तराइमा र पूर्वी पहाडी जिल्लाहरुमा भएका बन्दका कारण लाखौं बालबालिका विद्यालय जानबाट बञ्चित हुँदै आएको कुरा पनि आपत्तिजनक छ । अनिश्चितकालीन विद्यालय बन्दले बालबालिकालाई घरमा बस्न बाध्य पारेको र यसले उनीहरूलाई शिक्षा सम्बन्धी मौलिक अधिकारबाट बञ्चित गराएको छ ।

युनिसेफ र ओएचसीएचआर सबै पक्षलाई बालबालिकालाई फुक्याएर वा जवरजस्ति रुपमा राजनीतिक उद्देश्यका लागि प्रयोग नगर्न र बालबालिकाको शिक्षा पाउने अधिकारबाट बञ्चित नगरिदिन आग्रह गदर्छ । बन्द हुँदा पनि विद्यालय खुला राखेर, बालबालिकाको सुरक्षा सुनिश्चत गरेर उनीहरुकोको शिक्षालाई निरन्तरता दिनु पदर्छ । नेपालको भविश्य यिनै बालबालिकाको शिक्षामा निर्भर छ ।

***थप जानकारीका लागि***

ओएचसीएचआर : मार्टी लोगन : ९८५१०१६९२२ युनिसेफ : रुपा जौशी ९८५१०५४१४०